(ण) ''कर्मचारी'' भन्नाले सामुदायिक विद्यालयमा कार्यरत् शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(त) ''तोकिएको'' वा ''तोकिए बमोजिम'' भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(थ) '' अनुमति'' भन्नाले नेपाल सरकार वा गाउँ पालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई सम्झनु पर्छ ।

(द) '' स्वीकृति'' भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँ पालिकाले दिएको स्थायी स्वीकृतिलाई सम्झनु पर्छ ।

(ध) '' आवासीय विद्यालय'' भन्नाले नेपाल सरकार वा गाउँ पालिकाले आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई सम्झनु पर्छ ।

(न) ''शैक्षिक गुठी'' भन्नाले विद्यालय संचालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(प) '' तालिम केन्द्र'' भन्लाले यस ऐन बमोजिम अनुमति प्राप्त गरी विभिन्न सीपमूलक् तालिम प्रदान गर्ने संस्थालाई झम्झनु पर्छ ।

(फ) '' पुस्तकालय'' भन्नाले नेपाल सरकारबाट अनुमति लिई संचालन भएको विभिन्न पुस्तकहरू संग्रह गरी अध्ययन गर्न उपयुक्त हुने गरी निर्माण गरिएको संस्था सम्झनु पर्छ।

(ब) ''शैक्षिक परामर्श केन्द'' भन्नाले शैक्षिक परामर्श प्रदान गर्ने उद्देश्यले नेपाल सरकारवाट वा गाउँपालिकबाट अनुमति वा स्वीकृत प्राप्त संस्थलाई सम्झनु पर्छ ।

(भ) '' शिक्षा ऐन'' भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐन सम्झनु पर्छ ।

(म) ''प्रादेशिक शिक्षा ऐन'' भन्नाले प्रादेशिक संसदले बनाएको शिक्षा ऐन सम्झनु पर्छ ।

(य) ''शिक्षा अधिकृत'' भन्नाले गाउँ पालिकाको शिक्षा विभाग/ महाशाखा वा शिक्षा एकाईको प्रमुख सम्झनु पर्छ ।

(र) '' शिक्षा शाखा'' भन्नाले गाउँ पालिकाको शिक्षा विभाग/ महाशाखा वा शिक्ष एकाई सम्झनु पर्छ ।

(ल) ''अभिभावक'' भन्नाले विद्यालयमा अध्यनरत् विद्यार्थीको बाबु, आमा, बाजे, बजै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्यनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरू मध्येवाट विद्यालयको अभिलेखमा जानिएको व्यक्ति लाई सम्झनु पर्छ ।

(व) ''प्रधानाध्यापक'' भन्नाले विद्यालयको प्रमुख प्रशसनिक काम समेत गर्नेगरी तोकिएको शिक्षक सम्झनु पर्छ ।

(स) ''प्रबन्धक'' भन्नाले संस्थागत विद्यालयको व्यवस्थापक वा संचालकको गर्ने गरी तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(ष) ''शिक्षक'' भन्नाले विद्यालयमा पठन पाठन गर्ने गराउने गरी तोकिएको अध्यापक सम्झनु पर्छ ।

**३. विद्यालय खोल्न अनुमति लिनुपर्ने -**

(१) यस गाउँ पालिका क्षेत्रभित्र कुनै समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निबेदन परेमा तोकिएबमोजिम तोकिएको अधिकारीले अनुमति वा स्वीकृति दिनेछ ।

(३) यो दफा प्रारम्भ हुदाँका बखत कम्पनीको रूपमा संचालनमा रहेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अर्न्तगत विद्यालय संचालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।



केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष